# 'दाँत'

कुनै मान्छेबाट मैले यस्तो कुरा सुनेको थिएँ —

एक जना उमेर ढल्किसकेका गुरुको दाँत राम्रो देखिएकाले एक जना मान्छेले सोधेछ —

'हजुरका दाँत एकदम राम्रा छन्, आफ्नै दाँत हुन् ?'

अनि गुरुले —

'हो, आफ्नै हुन् ।'

भन्नुभएछ । गुरुको यस्तो उत्तर सुनेर त्यस मान्छेले —

'ए...! यस्तो उमेरमा पनि सबै आफ्नै दाँत हुनु भनेको त कस्तो अचम्म हगि ?'

भनेर आश्चर्य प्रकट गरेछ । यो सुनेर गुरुले भन्नुभएछ —

'म आफैले हो भनेपछि पनि किन नपत्याएको ? झूटो बोलेको भन्ठान्छौ भने झिकेर देखाऊँ ?'

त्यसो भन्दै गुरुले आफ्नो दाँत झिकेर देखाउनुभएछ । यो देखेर भनेछ —

'लौ त्यो हजुरको आफ्नै दाँत होइन नि, नक्कली दाँत पो हो त ।'

अनि गुरुले सोध्नुभएछ —

'तिमीले आफ्नो दाँतका लागि कति तिरेका छौ ?'

उसले

'पैसा त तिरेकै छैनँ ।'

भन्ने उत्तर दिदा गुरुले भन्नुभएछ —

'लौ हेर, मैले यो नक्कली दाँतका लागि हजारौं खर्च गरेको छु । त्यसैले यो नक्कली दाँत भए पनि मेरो आफ्नै चीज हो । तर तिमीले आफ्नो दाँतका लागि एक पैसा पनि तिरेका छैनौ ।

————————————————————————

सच्ची नै हामीले आफ्नो दाँतका लागि पैसा तिरेका हुँदैनौं । हाम्रो उमेर १ वर्ष हुँदाखेरि नै दाँत आफै निस्केर आउँछ । यस प्रकार हाम्रो शरीरमा आफ्नो नियन्त्रणमा राख्न नसकिने कुराहरू धेरै छन् । जस्तै मुटु, कपाल, नाङ आदि । हामी आफैं बाँचिरहेको ठान्दछौं । वास्तवमा हामी जन्मदा लिएर आएको क्षमता अलौकिक छ । पैसाको प्रयोगले शरीरिक विकारलाई उपचार गर्न सके पनि पहिलाको अवस्ता फर्केर आउँदैन । उपचार गरे पनि अखिर आफ्नो क्षमतामा भर पर्छ । यसलाई जथभाबी प्रयोग नगरी सदुपयोग गर्नु हाम्रो कर्तव्य हो ।

